# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेस विज्ञप्ति

### अजोड इन्स्योरेन्स लिमिटेडको धितोपत्र कारोवार सम्बन्धमा ।

अजोड इन्स्योरेन्स लिमिटेडको हकप्रद शेयर निष्काशन गर्ने सूचना सार्वजनिक हुनु अघि नै धितोपत्र कारोबारमा वृद्धि भएको सम्बन्धमा विभिन्न सञ्चार माध्यममा आएका समाचार तथा बोर्डमा प्राप्त गुनासा सम्बन्धमा बोर्डको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा बोर्डले मिति २०७७।१२।१८ मा सो सम्बन्धी कारोबारको अवस्था, प्रारम्भिक सुपरिवेक्षणमा देखिएको विवरण तथा कारोबार सम्बन्धी विवरण बोर्डमा पेश गर्न नेपाल स्टक एक्सचेन्जलाई पत्राचार गरेको थियो । धितोपत्र बजारले मिति २०७७।१२।१९ को पत्र मार्फत् अजोड इन्स्योरेन्स लिमिटेडको हकप्रद शेयर निष्काशन गर्ने सूचना प्रकाशन अघि नै मिति २०७७।१२।१६ गते भएको धितोपत्र कारोबारमा १०% वृद्धि भई सर्किट लागेको भनि सो कारोबार सम्बन्धी विवरण बोर्डमा पेश गरेको छ । यसै सन्दर्भमा उल्लेखित कारोबारका सम्बन्धमा थप अध्ययन/अनुसन्धान गर्न नेपाल धितोपत्र बोर्डले बोर्डका निर्देशकको संयोजकत्वमा आजै एक उप-समिति गठन गरी जाँचबुझ कार्य अगाडि बढाइसकेको र यस सम्बन्धमा कुनै भित्री कारोवार भएको पाइएमा नियमानुसार कारवाही अगाडि बढाइने व्यहोरा जानकारी गराउँदछौं । साथै धितोपत्र बजारका स्थापित मूल्य, मान्यता अनुरुप बजारलाई स्वच्छ र पारदर्शी रुपमा सञ्चालन गर्न अनुरोध गर्दछौं ।

मिति: २०७७।१२।२३

(रुपेश के.सी.)
सह-प्रवक्ता

Post Box No.: 9031, Khumaltar, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5551162, 5544077, 5550512, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np